चामे गाउँपालिकाको उन्नाईसौं गाउँसभा २०८३ असार १० गतेका दिन गाउँपालिकाका उपाध्यक्ष श्री मिङमार ढोमा लामा ज्युले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

चामे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०८३ साल असार १० गते ।

***सभाध्यक्ष महोदय,***

गाउँपालिकाको उन्नाईसौं गाउँसभाको मार्गदर्शक सिदान्तको रुपमा रहेको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रमको दस्तावेजको रुपमा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गर्व महसुस गरेको छु ।

सर्वप्रथम, राष्ट्रहित लोकतन्त्र, संघीय गणतन्त्रको स्थापना मार्फत नागरिक अधिकारको स्थापना, स्वतन्त्रता, मानवअधिकार र समतामुलक समाजको निर्माणको लागि आफ्नो जीवन बलिदान गर्नु हुने ज्ञात, अज्ञात शहिदहरु प्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

"चामे गाउँपालिका समृद्धि र विकासको द्धार पर्यटन, कृषि र जलस्रोतको मूल आधार" भन्ने दिर्घकालीन सोचलाई आत्मसाथ गर्दै स्वरोजगार कृषि, खानेपानी, दिगो पुर्वाधार तथा प्रभावकारी सेवा प्रवाह मार्फत गाउँबासीलाई परिवर्तनको प्रत्यक्ष लाभ पुर्याउने उद्देश्यका साथ यो बजेट पेश गरेको छु ।

**सभाध्यक्ष महोदय,**

नेपालको संविधान संघिय तथा प्रदेश सरकारबाट जानकारी ऐन कानुन तथा गाउँ पालिकाको अर्थ विधेयक २०८३, विनियोजन विधेयक २०८३, आ.व. ०८३।०८४ को नीति तथा कार्यक्रम, संघिय तथा प्रदेश सरकारका निती तथा कार्यक्रमहरू गाउँपालिका वडा स्तरीय भेलाबाट प्राप्त सुझावहरू गाउँपालिकाको विषयगत समितिका सुझाबहरू तथा दिगो विकासका लक्ष्यहरू विभिन्न सरोकार वालाको सुझाब तथा गाउँपालिका दाजुभाई तथा दिदि बहिनीहरूबाट प्राप्त महत्वपूर्ण तथा व्यावहारिक सुझावहरूनै आर्थिक बर्ष २०८३।८४ को बजेट प्रक्षेपणका आधारहरू हुन।

अब म चामे गाउँपालीकाको आर्थिक स्थितीको संक्षिप्त जानकारी गराउन चाहान्छु। चालु आ.व. को लागी अनुमानित आय रू २७ करोड ८२ लाख २९ हजार र व्यायतर्फ रू २७ करोड ८२ लाख २९ हजार अनुमान गरीएको थियो। अनुमानित आयमा २०८३ असार पहिलो हप्तासम्म गाउँ पालिकाले आम्दानी रू २० करोड २ लाख ६३ हजार प्राप्त गरेको छ ।

व्ययतर्फ चालु शीर्षकमा रु १२ करोड ८१ लाख ९९ हजार विनियोजन भएकोमा २०८३ असार पहिलो हप्ता सम्म रु ८ करोड २० लाख ९ सय अर्थात ६३.९६ प्रतिशत र पूँजीगत तर्फ रु १५ करोड ३० हजार ७ सय विनियोजिन भएकोमा रु ५ करोड ३३ लाख ३० हजार ८ सय ७५ रुपैया अर्थात् ३५.५४ प्रतिशत गरी कुल खर्च जम्मा रु १३ करोड ५३ लाख ३१ हजार ८ सय ५८ रुपैया भएको अवस्था छ ।
रु ७करोड ३६ लाख ९३ हजार गत आ.व.को अल्या हुने अनुमान गरिएको छ ।
अब म आगामी वर्ष २०८३/८४ को बजेटका उद्देश्य तथा प्रथामिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**बजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गर्दछु ।**

- जीवन निर्वाह मुखी स्थानीय कृषि प्रणालीलाई बजार तथा उपभोक्ता मुखी कृषि प्रणालीतर्फ विकास र विस्तार गर्ने,
- नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान तथा पर्यटकीय पदमार्गहरुको स्तरोन्नति गरी पर्यटन सेवालाई विविधिकरण गर्ने,
- लघु जलविधुत आयोजना निर्माण गरी आन्तरिक राजश्वको सुदृढिकरण गर्ने,
- सीपमुलक तथा स्वरोजगार प्रवर्धन गर्ने तालिम मार्फत जनताको जीवनस्तर सुधार गर्ने,
- विपद व्यवस्थापन तथा क्षति न्युनिकरण गर्दै पुर्वाधार विकास तथा बस्ती संरक्षणको कार्य अगाडि बढाउने,

**आर्थिक वर्ष २०८३/८४ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गर्दछु ।**

- पुर्वाधार विकास, अधुरा आयोजनाहरुको निरन्तरता
- गुणस्तरिय शिक्षा
- आधारभुत स्वास्थ्य सेवा
- कृषि तथा पशु विकास
- विपद व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, सरसफाई तथा वृक्षारोपण
- युवा तथा खेलकुद
- सूचना प्राविधिमैत्री सार्वजनिक सेवा
- नयाँ योजनाहरुको सम्भाव्यता अध्ययन र डि.पि.आर
- राजश्व प्रशासन

- कर्मचारी प्रशासन तथा जनशक्ति विकास
- लघु उद्यम विकास तथा सीपमुलक तालिम

बजेटले राखेको उद्देश्य एंवम् प्राथामिकता कार्यान्वयन गर्ने संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार, अन्य स्थानीय तहहरु तथा निजी क्षेत्रसँग सहकार्य तथा समन्वय गरिनेछ ।

***सभाध्यक्ष महोदय,***

अब म चामे गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय र व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आगामी आर्थिक वर्ष २०८३/८४ मा यस गाउँपालिकालाई केन्द्र सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु. ७ करोड ४३ लाख, सशर्त अनुदान तर्फको रु. ५ करोड ९ लाख, केन्द्र सरकार राजस्व बाँडफाँड तर्फ रु. ४ करोड ६३ लाख ४ हजार, केन्द्र सरकार विशेष अनुदान (चामे सिटिहल वसपार्क संरक्षण) तर्फ रु. १ करोड ३० लाख र थानचोक वस्ती संरक्षण – पहिरो नियन्त्रण) तर्फ रु. १ करोड ३५ लाख, प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु. ५४ लाख ३ हजार, , प्रदेश सरकार विशेष अनुदान (लोकप्रिय मा.वि. खेलमैदान निर्माण ) रु.४० लाख, प्रदेश सरकार समपुरक अनुदान (काजिनसारा जाने मोटरबाटो स्तरोन्नती) तर्फ ६० लाख , प्रदेश सरकार राजस्व बाँडफाँड तर्फ रु. ३८ लाख ३० हजार ३०९ , आन्तरिक आय (अनुमान) तर्फ रु ५९ लाख ११ हजार , आन्तरिक आय (गत बर्षको नगद मौज्दात) रु ७ करोड ५५ लाख ९३ हजार ६९१ गरि कुल जम्मा ३० करोड १७ लाख ४२ हजार अनुमान रहेको छ ।

आगामी आर्थिक वर्ष २०८३/८४ मा यस गाउँपालिकाको समग्र लगानीलाई क्षेत्रगतरुपमा बाँडफाँड गर्दा सशर्त अनुदान तर्फ शिक्षामा रु. ३ करोड ९ लाख, स्वास्थ्यमा १ करोड २९ लाख, लघु उद्यम विकास कार्यक्रममा रु. ११ लाख, राष्ट्रिय परिचय पत्र पञ्जिकरण रु.५ लाख, प्रधानमन्त्री रोजगार कार्यक्रम ३३ लाख, कृषि विकास ८ लाख , पशुपन्छीमा १४ लाख गरी जम्मा ५ करोड ९ लाख र संघ वित्तीय समानीकरण तर्फबाट पूँजीगत खर्चमा रु. ४ करोड ९६ लाख, सशर्त अनुदान चालुमा रु.२ करोड ४७ लाख गरि कुल जम्मा ३० करोड १७ लाख ४२ हजार अनुमानित बजेट विनियोजन गरी आयोजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।

*सभाध्यक्ष महोदय,*

अब म चामे गाउँपालिकाका जनताको हित र उन्नती एवंम् चामे बासीको समृद्धिको लक्ष्यलाई ध्यानमा राखी क्रमशः पूर्वाधार, सामाजिक, आर्थिक, वन तथा वातावरण एवं संस्थागत विकास तथा सुशासन प्रवर्द्धनको क्षेत्रगत प्राथमिकता क्रम निर्धारण गरी आगामी आर्थिक वर्ष २०८२/८३ को क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**(क) पूर्वाधार विकास**

**सडक**

१. चामे गाउँपालिका भित्रका सबै सडकहरु ढलान गर्ने कार्यका लागी बजेटको सुनिश्चित गरेको छु ।

२. काजिनसरा जाने मोटरबाटो निर्माणको लागि रु. ६० लाख व्यवस्था गरेको छु।

३. चामे बसपार्क निर्माणको बाँकी काम सम्पन्न गरि संचालनमा ल्याउनको लागि रु.६० लाख बजेटको व्यवस्था गरेको छु।

४. चामे गाउँपालिका भित्रका सडक मर्मत तथा सुधार गर्न रु १० लाख बजेट ब्यवस्था गरेको छु।

५. चामे गाउँपालिका वडा नं. ३ कोतोमा हेलिप्याड ढलान तथा वाल निर्माणको लागि रु. ३० लाख विनियोजन गरेको छु ।

६. चामे गाउँपालिका वडा नं. ५ मा ढल निर्माणको लागि रु. २० लाख बजेट व्यवस्था गरेको छु ।

७. चामे गाउँपालिका वडा नं. १ तिमाङ लेकको चरण क्षेत्र जाने बाटो निर्माणको लागि रु. १० लाख विनियोजन गरेको छु ।

**सिंचाई**

८. कृषि क्षेत्रमा सिंचाईको पहुंच बढाउन गाउँपालिका क्षेत्रभित्रका खोला नालाको पहिचान गरी सिंचाईको सुविधा नभएका कृषि क्षेत्रहरुमा सिंचाई आयोजना सञ्चालन मार्फत सिंचाई सुविधा उपलब्ध गराइनेछ।

**विद्युत**

९. चामे गाउँपालिकाको विभिन्न बजार क्षेत्रमा विद्युत बत्ती बिस्तार तथा ABC तार व्यवस्थापन गर्न रु. ५५ लाख बजेटको व्यवस्था गरेको छु ।

**भवन तथा बस्ती विकास**

१०. चामे गाउँपालिका भित्रका मुल बाटो र सहायक बाटोको व्यक्तिगत जग्गाको लगत कट्टा गर्नको लागि रु. ५ लाख बजेट व्यवस्था गरेको छु ।

**(ख) सामाजिक**

**स्वास्थ्य**

११. नसर्ने रोग सम्बन्धी मासिक जाँच कार्यक्रम, अभिमुखिकरण कार्यक्रम, तालिम र सामागी खरिदको लागि १ लाख विनियोजन गरको छु ।

१२. बहुक्षेत्रिय पोषण कार्यक्रम सञ्चालनको लागि रु. १० लाख विनियोजन गरेको छु ।

१३. स्वास्थ्य जन्य फोहोरमैला व्युवस्थापन, संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी तालिमको लागि रु. २ लाख विनियोजन गरेको छु ।

**शिक्षा**

१४. सामुदायिक विद्यालयलाई गुणस्तरिय पठनपाठनको लागि विद्यार्थीको रोजाईमा पर्ने अवस्थामा पुऱ्याउन चामे गाउँपालिकाको लोकप्रिय माध्यमिक विद्यालयको आवासीय कार्यक्रम रु. ४० लाख अनुदान र तिमाङको गौरीशंकर आधारभूत विद्यालयमा दिवा आवासिय कार्यक्रमलाई रु. २५ लाख बिनियोजन गरेको छु ।

१५. स्थानीय पाठ्यपुस्तक (कक्षा १-५) लाई रङ्गिन किताब छपाई गर्न रु. २ लाख विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाई**

१६. खानेपानी सामाग्री फिटिङ खरिदको लागि रु. १ लाख बिनियोजन गरेको छु ।

१७. विद्युत सिसि टिभि नेट तार अण्डरग्राउण्ड गर्न वजेट विनियोजन गरेको छु ।

**खेलकुद**

१८. गाउँपालिकास्तरीय खेलकुदको विकासमा टेवा पुऱ्याउन आगामी वर्ष चामे गाउँपालिकाका युवाहरुलाई विभिन्न खेलकुद कार्यक्रम संचालन गर्न रु. २० लाख वजेट विनियोजन गरेको छु ।

**महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक, लैङ्गिक समानता,
लैङ्गिक हिंसा निवारण तथा सामाजिक समावेशीकरण**

१९. पालिकास्तरिय बाल क्लब गठनको लागि बजेट विनियोजन गरेको छु ।

**कानुनी मामिला तथा न्याय**

२०. वडा स्तरीय मेलमिलाप केन्द्र गठन र व्यवस्थापनको लागि सामाग्री खरिद गर्न रु. १ लाख बजेट र मेलमिलापकर्ताहरुको पुनतार्जगी तालिमको रु. ४ लाख वजेट विनियोजन गरेको छु ।

**(ग) आर्थिक**

**कृषि तथा पशुपंक्षी**

२१. अनुदानमा विभिन्न कृषि सामाग्री वितरण गर्नको लागि ५ लाख विनियोजन गरेको छु ।

२२. उत्पादन प्रवर्द्धन गर्न प्राङ्गारिक मल वितरण गर्नको लागि ८ लाख विनियोजन गरेको छु ।

२३. उन्नत तरकारीको बिउ वितरणको लागि रु. ५ लाख वजेट विनियोजन गरेको छु ।

२४. कृषि नवप्रवर्तन/यान्त्रीकरण लागि मेसिनरि औजार उपकरण खरिद तथा संचालनको लागि लागि ८ लाख विनियोज गरेको छु।

२५. फलफूल खेती तथा बगैचा व्यवस्थापन सम्बन्धी तालिम संचालनको लागि रु. ५ लाख विनियोजन गरेको छु ।

२६. औषधी तथा उपकरण खरिद कार्यक्रमको लागि रु. १० लाख वजेट विनियोजन गरेको छु ।

२७. पशु पौष्टिक आहार कार्यक्रमको लागि ७ लाख विनियोज गरेको छु ।

२८. किसानको लागि हे साइलेज निर्माण तालिमको लागि रु. २ लाख विनियोजन गरेको छु ।

२९. भेडा बाख्राको नश्ल सुधारको लागि उन्नत जातको ब्याड बोका वितरण गर्न रु. ५ लाख विनियोजन गरेको छु ।

**उद्योग**

३०. मेडपा कार्यक्रमलाई आगामी आ.व.०८३।०८४ मा निरन्तरता दिन गाउँपालिका स्तरीय सीपमुलक तालिम कार्यक्रमको लागि रु. १४ लाख बजेट विनियोजन गरेको छु ।

**पर्यटन तथा संस्कृति विकास**

३१. वडा नं. ५ अन्तर्गत धर्म संस्कृति प्रवर्द्धन, लछ्याङ दच्याङ पर्व संरक्षण लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

३२. वडा नं. ४ चामेमा गुरु पद्मम संभव फाउण्डेसन पार्क निर्माण लागि रु. ६० लाख बजेट विनियोजन गरेको छ ।

३३. चामे पर्यटन वर्ष २०८३ मनाउन रु. २० लाख बजेट विनियोजन गरेको छ ।

३४. पर्यटन गुरुयोजना निर्माण गर्न रु. १५ लाख विनियोजन गरेको छ ।

३५. माडा गुम्बा संरक्षण तथा व्यवस्थापनको लागि रु. २५ लाख विनियोजन गरेको छ ।

**सहकारीः**

**व्यापार**

३६. व्यापार व्यवसायलाई व्यवस्थित रुपमा संचालन गर्न नियमन गरिनेछ।

३७. पालिका भित्र संचालन भएका विभिन्न व्यवसायहरु लाई पालिका भित्र अनिवार्य दर्ता गराई करको दायारा भित्र ल्याउने नीति रहेकोछ ।

३८. चामे गाउँपालिका भित्रका व्यवसायीहरुलाई प्रोत्साहन गर्न अनुदानमा विभिन्न सामग्री वितरण गर्न बजेटको व्यवस्था गरेको छ ।

**उपभोक्ता हित संरक्षण**

३९. उपभोक्ता हित संरक्षणका लागि उपभोग्य वस्तुको गुणस्तर, परिमाण, शुद्धता, उत्पादन मिति र दर्ता नम्वर जस्ता कुराहरु उल्लेख भए नभएको बारेमा सरोकारवाला संघ संस्थासँगको सहकार्यमा बजार अनुगमन गर्ने कार्य गराइनेछ।

४०. सुर्तिजन्य र मदिराजन्य पदार्थ बिक्री वितरणलाई नियमन गरिनेछ। तोकेको समय र स्थानबाट मात्र बिक्री वितरण गर्न पाउने व्यवस्था गराइनेछ ।

**(घ) वातावरण तथा विपद् व्यवस्थापन**

**वन, वातावरण तथा भू-संरक्षण**

**जल उत्पन्न प्रकोप व्यवस्थापन**

४१. खोला तथा नदीमा नदीजन्य पदार्थ जम्मा भइ हुन सक्ने जोखिमबाट गाउँबस्ती बचाउँनका लागि अध्ययन गराई नदीजन्य पदार्थ नदीबाट हटाई संरक्षणका लागि आवश्यक व्यवस्थापन गरिनेछ। साथै यस गाउँपालिका क्षेत्रभित्रका खोलाबाट हुने नदी कटान तथा बस्ती जोखिम हुन रोक्न तटबन्धका लागि प्रदेश सरकारसँग सहकार्य गरी सुरक्षित गराइनेछ।

**विपद् व्यवस्थापन**

४२. चामे गाउँपालिकाको विपद उध्दार सामाग्री खरिद र सचेतना तालिम कार्यक्रमको लागि रु. ६ लाख बजेट विनियोजन गरेको छु ।

**(ङ) संस्थागत विकास, संचार र प्रविधि**

४३. सेवा प्रवाहलाई सहज, सरल र प्रविधिमैत्री बनाउदै शीघ्र सेवाको अनुभूती गराईनेछ। कर्मचारीबाट "मुस्कान सहितको नागरीक सेवा प्रवाह" गर्ने कार्य शैली अवलम्वन गरिनेछ।

**सुरक्षा व्यवस्थापन**

४४. सुरक्षा निकायसँगको सहकार्यमा गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने बासिन्दाको सुरक्षित जीवनको प्रत्याभूती गर्ने व्यवस्थालाई बलियो र विश्वासिलो बनाउन सुरक्षा चामे गाउँपालिकाको विभिन्न वडाहरुमा सिसि क्यामेरा जडान गर्न रु. १० लाख बजेट व्यवस्था गरिएको छ ।

४५. सुरक्षा निकायसँगको सहकार्यमा गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने बासिन्दाको लागि सचेतना कार्यक्रम संचालनको लागि रु. १ लाख विनियोजन गरेको छु ।

**पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी**

४६. अनलाइन प्रणालीमा आवद्ध गरिएको व्यक्तिगत घटना दर्तालाई वडास्तरमा पूर्णरुपमा बिस्तार गरिनेछ। साथै व्यक्तिगत घटना दर्ता समयमै गराउन जनचेतना कार्यक्रम संचालन गरिनेछ।

४७. कम्प्युटरकृत गरिएको सामाजिक सुरक्षाका लाभग्राहीको अभिलेखलाई वडा कार्यालय मार्फत अद्यावधिक गरिने व्यवस्था मिलाईनेछ।

४८. पञ्जिकरण कार्यको लागी पञ्जिकरण शाखामा कार्यरत कर्मचारीलाई संघीय सरकारको नीति अनुसार अपुग ५० प्रतिशतले हुन आउने रकम रु. २ लाख ४० हजार विनियोजन गरेको छु ।

**योजना, स्थानीय तथ्यांक तथा अभिलेख**

४९. गाउँपालिकामा उपभोक्ता समितिमार्फत सञ्चालन गरिने योजनालाई जनसहभागितामूलक बनाउने कार्य गरिनेछ ।

**सुशासन प्रर्वद्धन**

५०. यस गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाहलाई समान, सहज र सर्वसुलभ बनाई पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न कर्मचारीलाई क्षमता विकास सम्वन्धी तालिम गर्न रु. १० लाख बजेटको व्यवस्था गरेको छु ।

५१. नेपाल सरकारबाट निजामती कर्मचारीका लागि घोषणा गरिए अनुसार चामे गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तलव वृद्धि गरिनेछ । स्थानीय तहको तहगत संरचना अनुसार तलब स्केल कायम गर्न वजेट व्यवस्था गरेको छु ।

५२. सेवा प्रवाहमा राष्ट्रसेवक कर्मचारीलाई कामप्रति जवाफदेही, जिम्मेवारी, उत्तरदायी र अभिप्रेरित गर्न पुरस्कार एवं सम्मानका कार्यक्रम प्रदान गर्न आवश्यक बजेट प्रस्ताव गरेको छु ।

**संचारः**

५३. गाउँपालिकाबाट प्रवाह गरीने सूचनामा सबैको सहज पहुँज र सूचना प्रवाहमा सरलीकरण गर्नको लागि बजेट व्यवस्था गरेको छु ।

५४. सूचनाको हक सम्बन्धी पालिकाबाट प्रदान गरिने सूचनाहरुमा पारदर्शिरुपमा सबैको समान पहुच हुने गरी तोकिएको सूचना अधिकारी तथा कार्यलयको वेवसाईट, ईमेल, पालिकाको सामाजिक संजाल मार्फत प्रदान गर्ने जानकारीको लागि सम्पूर्ण वडा सचिव र शाखा प्रमुखलाई त्रैमासिक रुपमा बैठक संचालन गर्न रु. १ लाख बजेट विनियोजन गरेको छु ।

५५. सूचना प्रविधिमैत्री गाउँपालिकाको रुपमा स्थापित कार्यलाई निरन्तरता दिईने छ।

**युवा तथा रोजगार**

५६. कृषि तथा पशु व्यवसायमा संलग्न उधमशिल युवालाई कृषि पेशामा आकर्षित गर्न सिपमुलक तालिमका साथै अभिप्रेरणाका कार्यक्रहरुको लागि कार्यक्रम संचालन गरिनेछ ।

***सभाध्यक्ष महोदय,***

५७. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

५८. आगामी आर्थिक वर्ष २०८३/८४का नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. ३० करोड १७ लाख ४२ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु खर्च तर्फ रु. १५ करोड ४५ लाख ३ हजार अर्थात् करिब ५०.२५ प्रतिशत र पूँजीगत खर्च तर्फ रु. १५ करोड १२ लाख ८९ हजार अर्थात् ४९.७५ प्रतिशत रहेको छ ।

५९. आगामी आर्थिक वर्ष २०८३/८४ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक तर्फको राजस्वबाट रु. ५९ लाख ११ हजार, नगद मौज्दात रु. ७ करोड ३६

लाख ९३ हजार ६ सय ९१, केन्द्र सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु. ७ करोड ४३ लाख, सशर्त अनुदान तर्फको रु. ५ करोड ९ लाख, केन्द्र सरकार राजस्व बाँडफाँड तर्फ रु. ४ करोड ६३ लाख ४ हजार, केन्द्र सरकार विशेष अनुदान (चामे सिटिहल वसपार्क संरक्षण) तर्फ रु. १ करोड ३० लाख, र थानचोक वस्ती संरक्षण — पहिरो नियन्त्रण) तर्फ रु. १ करोड ३५ लाख, केन्द्र सरकार समपुरक अनुदान (काजिनसारा जाने पदमार्ग निर्माण) तर्फ रु. ३० लाख ,प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु. ५४ लाख ३ हजार, प्रदेश सरकार विशेष अनुदान ( लोकप्रिय मा.वि. खेलमैदान निर्माण) रु.४० लाख, प्रदेश सरकार समपुरक अनुदान (काजिनसारा जाने मोटरबाटो स्तरोन्नती) तर्फ ६० लाख , प्रदेश सरकार राजस्व बाँडफाँड तर्फ रु. ३८ लाख ३० हजार ३०९ गरि कुल जम्मा ३० करोड १७ लाख ४२ हजार अनुमान गरेको छु ।

*सभाध्यक्ष महोदय,*

६०. पालिकावासी जनताको आकांक्षा सम्वोधन गर्ने क्रममा सीमित बजेटबाट असीमित मागहरु पूरा गर्नु निश्चय नै सहज छैन। तापनि भरसक संविधानको परिधिभित्र रहेर गाउँको आधारभूत तहको विकासमा टेवा पुग्ने र गाउँबासीको जीवनस्तरलाई माथि उठाउने प्रकृतिका योजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रयास गरेको छु।

## आर्थिक वर्ष : २०८३/०८४ बजेट ०८३ असार १०. गतेको १९ औ गाउँसभामा प्रस्तावित बजेट विधेयक

अनुसूची-१

रकम रू. हजारमा

| क. सं. | अनुदान संख्या | बजेट प्रासिका स्रोत | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | | केन्द्र सरकार समानीकरण अनुदान | **२४७००.००** | ४९६००.०० | | **७४३००.००** |
| 2 | | केन्द्र सरकार राजस्व बाँडफाँड | **४६३०४.०००** | ०.०० | | ४६३०४.००० |
| 3 | | केन्द्र सरकार सशर्त अनुदान | **५०९००.००** | ०.०० | | ५०९००.०० |
| 4 | | केन्द्र सरकार बिशेष अनुदान (चामे सिटिहल बसपार्क संरक्षण 130 लाख)थान्चोक वस्ती संरक्षण -पहिरो नियन्त्रण 135लाख | ०.०० | २६५००.०० | | २६५००.०० |
| 5 | | केन्द्र सरकार समपुरक अनुदान (काजिनसार जाने पदमार्ग निर्माण) | ०.०० | ३०००.०० | | ३०००.०० |
| 6 | | प्रदेश सरकार समानीकरण अनुदान | **१६०३.००** | ३८००.०० | | **५४०३.००** |
| 7 | | प्रदेश सरकार राजस्व बाँडफाँड | **३८३०.३०९** | ०.०० | | ३८३०.३०९ |
| 8 | | प्रदेश सरकार विशेष अनुदान (लोकप्रिय मा.वि. खेल मैदान निर्माण) | ०.०० | ४०००.०० | | ४०००.०० |
| 9 | | प्रदेश सरकार समपुरक अनुदान (काजिनसारा जाने मोटरबाटो स्तरोन्नती ) | | ६०००.०० | | ६०००.०० |
| 10 | | आन्तरिक आय (अनुमान) | **५९११.००** | ०.०० | | ५९११.०० |
| 11 | | आन्तरिक आय (गत वर्षको नगद मौज्दात) | १७२०४.६९१ | ५८३८९.०० | | ७५५९३.६९१ |
| | | कूल जम्मा | १५०४५३.००० | १५१२८९.००० | ०.०० | ३०१७४२.००० |

चामे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मनाङ

**संचित कोषबाट बिनियोजन हुने अनुमानको खर्च शिर्षकगत तथा श्रोतगत बजेट बिबरण**

आर्थिक वर्ष : २०८३/०८४ बजेट ०८३ असार १०. गतेको १९ औ गाउँसभामा प्रस्तावित बजेट विधेयक

**अनुसूची २** रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | राजस्व बाँडफाँड-संघीय सरकार -१- | राजस्व बाँडफाँड-प्रदेश सरकार -२- | नेपाल सरकार-समानिकरण अनुदान -३- | आन्तरिक स्रोत -४- |
|---|---|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १३८००.०० | १३८००.०० | | | ०.०० |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी/सुविधा | ६६६८.०० | ६६६८.०० | | | ०.०० |
| ३ | २१११२ | पदाधिकारी विमा | २७०.०० | ०.०० | २७०.०० | | ०.०० |
| ४ | २११२१ | पोशाक | ६५०.०० | ६५०.०० | | | ०.०० |
| ५ | २११३१ | स्थानीय भत्ता | २५५०.०० | २५५०.०० | | | ०.०० |
| ६ | २११३२ | महंगी भत्ता | ११५०.०० | ११५०.०० | | | ०.०० |
| ७ | २११३४ | कर्मचारी बैठक भत्ता | १०००.०० | ५००.०० | ५००.०० | | ०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | २११३५ | कर्मचारीलाइ थप सेवा सुविधा तथा प्रोत्साहन | २०००.०० | ०.०० | ०.०० | | २०००.०० |
| ९ | २११३९ | अन्य भत्ता | ५०.०० | ५०.०० | ०.०० | | ०.०० |
| १० | २११४१ | पदाधिकारी बैठक भत्ता | १०००.०० | ५००.०० | ५००.०० | | |
| ११ | २१२१४ | कर्मचारी कल्याण कोष | १०००.०० | ५००.०० | ५००.०० | | ०.०० |
| १२ | २२१११ | पानी तथा बिजुली | ९५०.०० | ९५०.०० | | | ०.०० |
| १३ | २२११२ | संचार महसुल | ३००.०० | ३००.०० | | | ०.०० |
| १४ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १०००.०० | १०००.०० | | | ०.०० |
| १५ | २२२१३ | सवारी साधन मर्मत खर्च | २०००.०० | २०००.०० | | | ०.०० |
| १६ | २२२१४ | बिमा तथा नवीकरण खर्च | ६००.०० | ६००.०० | | | |
| १७ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५००.०० | ५००.०० | | | ०.०० |
| १८ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १०००.०० | १०००.०० | | | ०.०० |
| १९ | २२३१४ | इन्धन-अन्य प्रयोजन | ३००.०० | ३००.०० | ०.०० | | ०.०० |
| २० | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना | ६५०.३१ | ३५०.०० | ३००.३०९ | | ०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रकाशन खर्च | | | | | |
| २१ | २२४११ | सेवा र परामर्श खर्च | ५००.०० | ५००.०० | | | ०.०० |
| २२ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालनसंग सम्वन्धीत खर्च | ३००.०० | ३००.०० | ०.०० | | ०.०० |
| २३ | २२४१३ | करार सेवा शुल्क थप सुविधा समेत | ५०००.०० | ४०००.०० | ०.०० | | १०००.०० |
| २४ | २२४१४ | सरसफाई सेवा शुल्क | ५००.०० | ५००.०० | | | ०.०० |
| २५ | २२५२९ | विविध कार्यक्रम खर्च | ३००.०० | ३००.०० | | | ०.०० |
| २६ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | ४००.०० | २००.०० | २००.०० | | ०.०० |
| २७ | २२६१२ | भ्रमण खर्च | २०००.०० | २०००.०० | | | ०.०० |
| २८ | २२७११ | विविध/अतिथि सत्कार खर्च | १२००.०० | १२००.०० | ०.०० | | ०.०० |
| २९ | २२७११ | वडा कार्यालय संचालन खर्च (विभिन्न शिर्सक) | ७५०.०० | ५००.०० | ०.०० | | २५०.०० |
| ३० | २२७२१ | सभा सञ्चालन खर्च | ६००.०० | ६००.०० | ०.०० | | ०.०० |
| ३१ | २५३१५ | अन्य संस्था सहायता | १००.०० | १००.०० | | | ०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३२ | २८१४२ | घर भाडा | ४००.०० | ८६.०० | ३१४.०० | | |
| ३३ | २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | ५००.०० | ५००.०० | | | ०.०० |
| ३४ | २२४१३ | एम आइ एस अपरेटर फिल्ड सहायकहरुको थप तलव चाडपर्व र पोशाक समेत | २४०.०० | ०.०० | ०.०० | | २४०.०० |
| ३५ | २११११ | बालविकास शिक्षिका विद्यालय कर्मचारी स.का. थप पारीश्रमिक | १०००.०० | ५००.०० | ५००.०० | | ०.०० |
| ३६ | २२३१५ | मायाको चिनो निर्माण/छपाइ/खरिद | ७००.०० | ०.००० | ०.०० | | ७००.०० |
| ३७ | २११११ | न्यायीक सहजकर्ताको थप तलव | १००.०० | १००.००० | | | ०.०० |
| ३८ | २११११ | मनोसामाजिक परामर्श कर्ता थप तलव | २५०.०० | २५०.००० | ०.०० | | ०.०० |
| ३९ | २२६१२ | कर्मचारी जन प्रतिनिधी अध्ययन अवलोकन सिकाइ भ्रमण | २५००.०० | ०.००० | ७४६.०० | | १७५४.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४० | २२५११ | क्षमता विकास तालिम | १०००.०० | ३००.००० | | | ७००.०० |
| ४१ | २२५२२ | चामे गाउँपालिकास्तरीय फोहोर मैला व्यवस्थापन कार्यक्रम ड्राइभर र सहयोगी समेत | १०४०.०० | ०.०० | | | १०४०.०० |
| ४२ | २२५२२ | पदाधिकारी विदाइ तथा सम्मान कार्यक्रम | ४५०.०० | ०.०० | | | ४५०.०० |
| ४३ | २११३४ | वडा सचिव तथा शाखा प्रमुखहरुको मासिक बैठक व्यवस्थापन तथा खाजा खर्च | ३००.०० | ०.०० | | | ३००.०० |
| ४४ | २२६१२ | काजिनसारा अध्ययन अवलोकन | ३००.०० | ०.०० | | | ३००.०० |
| ४५ | २८९११ | भैपरी आउने चालु खर्च | १०००.०० | १०००.०० | | | ०.००० |
| | | **कूल जम्मा =** | ५८८६८.३१ | ४६३०४.०० | ३८३०.३०९ | ०.०० | ८७३४.०० |
| | | | | ०.०० | ०.००० | ० | ७२७७०.६९ |
| | | | | ४६३०४.००० | ३८३०.३०९ | | 81504.691 |
| | | | | | | | 75593.691 |
| | | | | | | | 5911.000 |

(ख) गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमहरु

रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान -1-26331 | प्रदेश सरकार-समानिकरण अनुदान -2- | राजस्व बाँडफाँड-प्रदेश सरकार -3- | आन्तरिक स्रोतको गतको अल्या -4- |
|---|---|---|---|---|---|---|---|
| 1 | ३११२२ | मेसीनरी तथा औजार | ८००.०० | ०.०० | ८००.०० | | ०.०० |
| 2 | ३११२२ | विपद उध्दार सामाग्री खरिद तथा तालिम | ६००.०० | ६००.०० | | | |
| 3 | ३११२३ | फर्निचर खरीद | १०००.०० | १०००.०० | | | |
| 4 | २२३१५ | स्थानीय विपद व्यवस्थापन प्रतिकार्य योजना तयार र प्रकाशन । | १००.०० | १००.०० | | | |
| 5 | ३११५६ | खानेपानी तथा ढल मर्मत | २००.०० | ०.०० | | | २००.०० |
| 6 | ३११५६ | खानेपानी सामग्री खरिद (फिटिङ सामग्री,अन्य आवश्यक समाग्री) | १००.०० | १००.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 7 | २२५२२ | गाउँपालिका स्तरीय लघु उद्यम सम्वन्धी विविध कायक्रम-तथा कर्मचारी नपुग पारीश्रमिक समेत | १४००.०० | ६४०.०० | ७६०.०० | | ०.०० |
| 8 | ३११६० | चामे गा पा भित्रका सार्वजनिक सम्पत्तीको संरक्षण गर्न खरीद, मर्मत तथा रंगरोगन कार्य | १०००.०० | ०.०० | १०००.०० | | |
| 9 | ३११५१ | चामे गापा भित्र सडक सुधार | १०००.०० | १०००.०० | | | |
| 10 | ३११३५ | गा.पा.भित्र विभिन्न क्षेत्र IEE | १०००.०० | | | | 1000.00 |
| 11 | ३११२२ | फोहरमैला व्यवस्थापन मेसिन खरिद | १०००.०० | 1000 | | | 0.00 |
| 12 | | फोहरमैला व्यवस्थापन केन्द्र थप घेरा वार | १०००.०० | 0 | | | 1000.00 |
| 13 | २२५११ | मेलमिलाप कर्ताको लागि पुनर्ताजगी तालिम | ४००.०० | ०.०० | | | ४००.०० |
| 14 | ३११२२ | IRIS डिभाइस खरीद | ८५.०० | ०.०० | | | ८५.०० |
| 15 | २२५११ | मेलमिलाप केन्द्र गठन र व्यवस्थापनका लागि सामाग्री | १००.०० | ०.०० | | | १००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | खरीद | | | | | |
| 16 | ३११६० | चामे गा.पा. सडक वत्ती जडान तथा मर्मत कार्यक्रम | ३००.०० | ०.०० | | | ३००.०० |
| 17 | २२५२२ | प्रहरी संगको समन्वयमा सचेतना कार्यक्रम | १००.०० | १००.०० | | | |
| 18 | ३११६१ | चामे सिटिहल साउण्ड एब्जर्वर जडान क्रमागत | २२००.०० | ०.०० | | | २२००.०० |
| 19 | ३११६० | चामे सिटिहल कम्पाउण्ड वाल र गेट निर्माण | ३०००.०० | ३०००.०० | | | |
| 20 | ३११६० | गुरुपद्धमसंभव फाउण्सन पार्क विभिन्न संरचना निर्माण | ६०००.०० | ६०००.०० | | | ०.०० |
| 21 | २२३१४ | इन्धन (फोहर मैला व्यवस्थापन ट्र्याक्टर) | ५००.०० | ५००.०० | | | |
| 22 | ३११५१ | प्रदेश सरकार समपुरक अनुदान (काजिनसारा जाने मोटरबाटो स्तरोन्नती ) | १००००.०० | ०.०० | | | १००००.०० |
| 23 | ३११५१ | केन्द्र सरकार समपुरक अनुदान (काजिनसारा जाने पदमार्ग | ६०००.०० | ०.०० | | | ६०००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | निर्माण) | | | | | |
| 24 | २२१२२ | पर्यटन गुरु योजना निर्माण | १५००.०० | १५००.०० | | | |
| 25 | २२५२२ | पर्यटन बर्ष मनाउन विविध कायक्रम | २०००.०० | ०.०० | | | २०००.०० |
| 26 | ३११२९ | चामे गा पा का विभिन्न वडाहरुमा गेट निर्माण | १०००.०० | ०.०० | | | १०००.०० |
| 27 | ३११६० | चामे बसपार्क निर्माणको वाँकी काम सम्पन्न गर्न | ६०००.०० | ०.०० | | | ६०००.०० |
| 28 | ३११६० | ३ नं वडामा हेलिप्याड ढलान तथा वाल निर्माण | ३०००.०० | ३०००.०० | | | |
| 29 | ३१११२ | गौरीशंकर मा वि मा भान्छा घरमा तला थप | २५००.०० | २५००.०० | | | |
| 30 | ३११५९ | प्रधानमन्त्री रोजगार कार्यक्रम साँझेदारी | १०००.०० | ०.०० | | | १०००.०० |
| 31 | २२५२२ | चामे गा पा क्षेत्र भित्र फायरहाइड्रेन्ड जडान | १०००.०० | ०.०० | | | १०००.०० |
| 32 | ३११३५ | मध्यम कालिन खर्च संरचना | ३००.०० | ३००.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | निर्माण | | | | | |
| 33 | ३११३५ | चामेगाउँपालिका भित्रका मूल बाटो र सहायक बाटोको व्याक्तीगत जग्गा लगत कट्टा गर्ने | ५००.०० | ५००.०० | | | |
| 34 | ३११५८ | गा.पा. फोहर व्यवस्थापन अन्तर्गत फोहर बर्गिकरण, प्याकीङ र ढुवानी | ८००.०० | ०.०० | | | ८००.०० |
| 35 | ३११५६ | थान्चोक खानेपानी आयोजना थान्चोक-समपुरक | २५००.०० | ०.०० | | | २५००.०० |
| 36 | ३११५८ | माडा खाद्य कार्यालय अघी ढल व्यवस्थापन | १०००.०० | ०.०० | ०.०० | | १०००.०० |
| 37 | ३११७१ | कार्यालय भवन मर्मत संभार, वायरीङ तथा ट्रस निर्माण | ४०००.०० | २०००.०० | २०००.०० | | ०.०० |
| 38 | ३११२२ | गा.पा.कार्यालयको लागि ए.सी. खरीद | १०००.०० | ०.०० | ०.०० | | १०००.०० |
| 39 | ३११७१ | चामे सीटीहलमा मल्टी प्रपोज म्याट विछ्याउने | २०००.०० | २०००.०० | ०.०० | | ०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 40 | ३१५११ | गापा क्षेत्र भित्र ए वी सी तार, ट्रान्सफर्मर तथा पोल व्यवस्थापन | ५५००.०० | ५५००.०० | ०.०० | | |
| 41 | ३११२२ | सिटीहलमा साउण्ड सिस्टम खरीद | ३००.०० | ३००.०० | ०.०० | | |
| 42 | ३११५८ | कुहीने फोहर व्यवस्थापनका लागि खाडल निर्माण | ५००.०० | | ०.०० | | ५००.०० |
| 43 | ३११५९ | चामे गा पा भित्राका विभिन्न स्थानमा संकेत वोर्ड, साइन पोष्ट राख्ने | १०००.०० | ०.०० | ०.०० | | १०००.०० |
| 44 | ३११३५ | पालिकाबाट भएका विकास निर्माण तथा विभिन्न कार्यको वृत्त चित्र निर्माण | ५००.०० | ०.०० | ०.०० | | ५००.०० |
| 45 | २११२२ | वडाहरुमा सिसिटीभी जडान | १०००.०० | ०.०० | ०.०० | | १०००.०० |
| 46 | २२५२९ | जिल्ला खेलकुद विकास समिति सँगको साझेदारीमा खेलकुद कार्यक्रम | ५००.०० | ०.०० | ०.०० | | ५००.०० |
| 47 | ३११५१ | स्याक्यू भित्री सडक निर्माण | २०००.०० | ०.०० | ०.०० | | २०००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 48 | ३११५४ | माडा गुम्बा सिंगर खोलामा वस्ती संरक्षण | २५००.०० | ०.०० | ०.०० | | २५००.०० |
| 49 | ३१५११ | भैपरी आउने पूँजीगत खर्च | १५००.६९ | १०००.०० | ०.०० | | ५००.६९ |
| | | **सूचना प्रविधि सम्वन्धी कार्यक्रम** | ०.०० | | | | |
| ५० | २११३४ | सूचनाको हक सम्बन्धी बैठक | १००.०० | १००.०० | | | |
| ५१ | २२५११ | AI, cyber security, Digital Governance तथा कम्प्युटर सम्बन्धी तालिम | १०००.०० | १०००.०० | | | ०.०० |
| ५२ | ३११२२ | विभिन्न तथ्याङ्क संकलनको लागि ट्याव वा मोबाईल (Android ) खरिद | १००.०० | १००.०० | | | |
| ५३ | २२४१२ | डिजिटल गाउँपालिका पाश्वचित्र | १०००.०० | १०००.०० | | | |
| ५४ | २२४११ | System Audit and software audit | २००.०० | २००.०० | | | |
| ५५ | २२४११ | Social Audit | २००.०० | २००.०० | | | |
| ५६ | ३११२२ | Networking सामाग्री,हार्डवयर चेक जाच गर्ने मेसिन खरिद | १००.०० | १००.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५७ | २३३१९ | सार्वजनिक सुनुवाई | १५०.०० | १५०.०० | | | |
| | | **राजश्व शाखा सम्वन्धी कार्यक्रम** | ०.०० | | | | |
| ५८ | २२५१२ | बजार अनुगमन तथा जनचेतना कार्यक्रम (उपलव्ध बस्तुको गुणस्तर/राजश्व संकलन तथा बृद्धि गर्ने उद्देश्य) | २००.०० | २००.०० | | | |
| ५९ | २२५११ | सूत्र सम्वन्धी वडा सचिव र कर्मचारी तालिम | ३००.०० | ३००.०० | | | |
| | | **महिला तथा बालवालिका** | ०.०० | | | | |
| ६० | २२५२२ | पालिका स्तरीय बाल क्लव गठन | २००.०० | २००.०० | | | |
| ६१ | २२५२९ | विभिन्न दिवस तथा खेलकुद कार्यक्रम संचालन | २०००.०० | १११०.०० | ८४३.०० | | ४७.०० |
| | | **कृषि क्षेत्र विकास तथा विस्तार कार्यक्रम** | ०.०० | | | | |
| ६२ | २२५२२ | उन्नत तरकारीको बिउ वितरण | ५००.०० | ५०० | | | |
| ६३ | २२५२२ | उत्पादन प्रवर्द्धन गर्न प्राङ्गारिक | ८००.०० | ८०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मल वितरण | | | | | |
| ६४ | २२५२२ | बाली संरक्षणको लागि विषादी तथा भिटामिन वितरण | ४००.०० | ४०० | | | |
| ६५ | २२५२२ | रसायनिक मलमा ढुवानी अनुदान | १००.०० | १०० | | | |
| ६६ | २२५२२ | कृषि नवप्रवर्तन/ यान्त्रीकरणको लागि औजार उपकरण खरिद तथा संचालन | ८००.०० | ८०० | | | |
| ६७ | २२५२२ | फलफुल खेती तथा बगैंचा व्यवस्थापन सम्बन्धी कृषकस्तर तालिम | ५००.०० | ५०० | | | |
| ६८ | २२५२२ | अनुदानमा विभिन्न कृषि सामाग्री वितरण | ५००.०० | ५०० | | | |
| ६९ | २२५२२ | निलोतुथो चुना वितरण | २००.०० | २०० | | | |
| ७० | २२५२२ | फलफुल विरुवा वितरण | ३००.०० | ३०० | | | |
| | | **पशु क्षेत्र विकास तथा विस्तार कार्यक्रम** | ०.०० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७१ | २११२३ | औषधी तथा उपकरण खरिद कार्यक्रम | १०००.०० | १०००.०० | | | |
| ७२ | २२५२२ | किसानको लागि हे साइलेज निर्माण तालिम | २००.०० | २००.०० | | | |
| ७३ | २२५२२ | भेटेरीनरी सर्जिकल सामाग्रि खरीद | २५०.०० | २५०.०० | | | |
| ७४ | २२५२२ | घोडा खच्चड सिविर | १५०.०० | १५०.०० | | | |
| ७५ | २२५२२ | उन्नत जातको घाँसको विउ खरीद | २००.०० | २००.०० | | | |
| ७६ | २२५२२ | पशु पौष्टिक आहारा वितरण कार्यक्रम | ७००.०० | ७००.०० | | | |
| ७७ | २२५२२ | व्याड वोका वितरण कार्यक्रम | ५००.०० | ५००.०० | | | |
| ७८ | २२५२२ | भेडा बाखाको उन काटने कैची | १००.०० | ०.०० | | | १००.०० |
| | | **शिक्षा कार्यक्रम** | ०.०० | | | | |
| ७९ | २६४१२ | लोकप्रिय मा.वि आवसिय विद्यालय संचालन अनुदान | ४०००.०० | ४०००.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८० | २६४१२ | गौरी शंकर मा.वि आवासिय विधालय संचालन | २७००.०० | २५००.०० | | | 200.00 |
| ८१ | २२३१५ | स्थानीय विषय पाठ्यपुस्तक छपाई | २००.०० | २००.०० | | | |
| ८२ | २२५१२ | पालिका स्तरीय बार्षिक परीक्षा सञ्चालन ( कक्षा ८) | २००.०० | २००.०० | | | |
| ८३ | २२५१२ | अतिरक्त क्रियाकलाप/प्रतिभा पहिचान कार्यक्रम | १००.०० | १००.०० | | | |
| ८४ | ३११२२ | स्मार्ट बोर्ड र ल्यापटप वितरण | १०००.०० | १०००.०० | | | |
| ८५ | ३११२२ | विद्यालयको लागि फर्निचर निर्माण तथा खरिद | ६००.०० | ६००.०० | | | |
| ८६ | २२६११ | गाउँ शिक्षा समिति/प्रधानाध्यापकको बैठक तथा अनुगमन खाजा/भत्ता तथा विविध खर्च | २५०.०० | २५०.०० | | | |
| ८७ | २२६११ | असल अभ्यास तथा अवलोकन भ्रमण -शिक्षक विद्यार्थी | ३००.०० | ३००.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८८ | २२३१३ | विज्ञान गणित तथा भाषा सामाग्री निर्माण प्रदर्शनी | १००.०० | १००.०० | | | |
| ८९ | २२५२१ | लोक प्रिय माविमा प्राविधिक धार तर्फ विविध सामाग्री उत्पादन प्याकेजिङ तथा प्रवर्द्धन | २००.०० | २००.०० | | | |
| | | **स्वास्थ्य कार्यक्रम** | ०.०० | | | | |
| ९० | २२५२२ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ३००.०० | ३००.०० | | | |
| ९१ | २२५२२ | प्राथमिक ट्रमा केयर सम्बन्धि स्वास्थ्यकर्मिहरुलाई ३ दिने तालिम तथा सामग्री खरिद र वितरण | ३००.०० | ३००.०० | | | |
| ९२ | २२५२२ | प्रथमिक उपचार सम्बन्धि वडाहरुमा तालिम | १००.०० | १००.०० | | | |
| ९३ | २२५२२ | महिला सामुदायिक स्वास्थ्य स्वयसेविकाहरुलाई अर्धबार्षिक,बार्षिक समिक्षा छाता खरिद तथा स्वास्थ्यकर्मिहरुलाई | १००.०० | १००.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | रेनकोट खरिद | | | | | |
| ९४ | २२५२२ | स्वास्थ्य जन्य फोहोरमैला व्यवस्थापन, संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धि तालिम | २००.०० | २००.०० | | | |
| ९५ | २२५२२ | नसर्ने रोग सम्बन्धि मासिक जाँच कार्यक्रम, अभिमुखिकरण कार्यक्रम , तालिम र समाग्रि खरिद | १००.०० | १००.०० | | | |
| ९६ | २२५२२ | स्वास्थ्य संस्थाहरुमा व्यवस्थापन खर्च /प्रत्येक स्वास्थ्य संस्थामा रु ५०००० का दरले | १५०.०० | १५०.०० | | | |
| ९७ | २२५२२ | स्वास्थ्य संस्थाहरु र स्वास्थ्य शाखामा सञ्चार खर्च / टेलिफोन तथा मोवाईल खरिद | १००.०० | १००.०० | | | |
| ९८ | २२५२२ | IEC corner र्‍याक खरिद | १००.०० | १००.०० | | | |
| ९९ | २११४१ | पोषण कर्नर र्‍याक खरिद निर्माण | १५०.०० | १५०.०० | | | |
| १०० | २२५२२ | प्रजनन रुग्नता स्वास्थ्य सेवा | ७०.०० | ७०.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | तथा रेफर र थप जाँचको लागि यातायात खर्च | | | | | |
| १०१ | २२५२२ | स्वास्थ्यकर्मिहरुको MSS तथा FCHV हरुको अवलोकन भ्रमण | ३२०.०० | ३२०.०० | | | |
| १०२ | २२५२२ | स्वास्थ्य बिमा कार्यक्रम, बैठक समिति गठन | ५०.०० | ५०.०० | | | |
| १०३ | २२५२२ | विपद व्यवस्थापन समितिको बैठक तथा विपन्न नागरिक उपचार सिफारिस समितिको बैठक सञ्चलान खर्च, | १००.०० | १००.०० | | | |
| १०४ | २२५२२ | स्वास्थ्य आपतकालिन तयारी योजना निर्माण तथा कार्यक्रम, महामारी रोगहरुको नियन्त्रण रोकथामको लागि RRC बैठक and RRT परिचालन | २००.०० | २००.०० | | | |
| १०५ | २२५२२ | ल्याव सामग्री थप खरिद | ३००.०० | ३००.०० | | | |
| १०६ | २११४१ | स्वास्थ्य संस्था अनुगमन | ५०.०० | ५०.०० | | | |
| १०७ | २२५२२ | महिला सामुदायिक स्वास्थ्य | ६०.०० | ६०.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्वयसेविकाहरुलाई बिदाई कार्यक्रम | | | | | |
| | | **जम्मा =** | १०८४३५.६९ | ५६६००.०० | ५४०३.०० | ०.०० | ४६४३२.६९ |

(ग) वडास्तरीय आयोजनाहरु

वडा नं. १ रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान -1- | प्रदेश सरकार-समानिकरण अनुदान -2- | राजस्व बाँडफाँड-प्रदेश सरकार -3- | आन्तरिक स्रोतको गतको अल्या -4- |
|---|---|---|---|---|---|---|---|
| 1 | ३११२२ | हिमालय युवा क्लवको साउण्ड सिस्टम खरिद | २००.०० | २००.०० | | | |
| 2 | ३११५१ | तिमाङ देखी स्याक्यू गोरेटो बाटो मर्मत | १००.०० | १००.०० | | | |
| 3 | ३११२२ | तिमाङ आ स्वा सेवा केन्द्रमा फायर प्लेस हिटर | २००.०० | २००.०० | | | |
| 4 | ३११५१ | तिमाङ लेकको चरण क्षेत्र जाने | १०००.०० | १०००.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बाटो निर्माण | | | | | |
| 5 | ३११५८ | स्याक्यू ढल निकास योजना | ५००.०० | ५००.०० | | | |
| 6 | ३११५८ | तिमाङ फोहर मैला स्थल निर्माण क्रमागत | ३०००.०० | | | | ३०००.०० |
| 7 | ३११६० | वडा नं १ वडा कार्यालयको ग्रील भुइ सिलिङ तथा अन्य संरचना | ६००.०० | | | | ६००.०० |
| | | **जम्मा =** | ५६००.०० | २०००.०० | ०.०० | ०.०० | ३६००.०० |

वडा नं. २ रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको गतको अल्या |
|---|---|---|---|---|---|---|---|
| 1 | ३११५९ | घटेखोलामा भएको घटा संचालनको लागि आवश्यक निर्माण कार्य | १०००.०० | १०००.०० | | | |
| 2 | ३११२२ | आवश्यक खेलकुद सामाग्री | १००.०० | १००.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | खरिद | | | | | |
| 3 | ३११५६ | फोहोरमैला व्यबस्थापन | ५०.०० | ५०.०० | | | |
| 4 | ३११५९ | खानेपानी टकी सरसफाइ | ५०.०० | ५०.०० | | | |
| 5 | ३११५९ | घटेखोलाको पाखामा चौतारा निर्माण | ५००.०० | ५००.०० | | | |
| 6 | ३११२२ | कृषि सामाग्री खरिद | ३००.०० | ३००.०० | | | |
| 7 | ३११२२ | थान्चोक आमा समूहको लागी विभिन्न सामग्री खरिद | ५००.०० | ५००.०० | | | |
| 8 | ३११२२ | थान्चोक गाउँको लागी साउण्ड सिस्टम खरिद | २००.०० | २००.०० | | | |
| 9 | ३११२२ | वडा नं २ कार्यालय भवनमा फर्निचर कार्पेट तथा अन्य सामाग्री खरीद | १५००.०० | १५००.०० | | | |
| 10 | ३११७१ | थान्चोक स्वास्थ्य चौकि र वडा कार्यालय कम्पाउण्ड, बाटो ढलान तथा वायरीङ, शौचालय लगायत अन्य संरचना निर्माण | ७९५०.०० | ० | | | ७९५०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | ३११५६ | ल्हछेपमा खानेपानी निर्माण | १००.०० | ० | | | १००.०० |
| १२ | ३११५९ | थान्चोक पुरानो घट्ट मर्मत | २००.०० | ० | | | २००.०० |
| | | **जम्मा =** | १२४५०.०० | ४२००.०० | ०.०० | ०.०० | ८२५०.०० |

वडा नं. ३ रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको गतको अल्या -4- |
|---|---|---|---|---|---|---|---|
| 1 | ३१११२ | कोतो गुम्बा किचन तथा धारा निर्माण | १५००.०० | १५००.०० | ० | | ० |
| 2 | ३११५८ | सार्वजनिक शौचालय छेउमा धारा र ढल व्यवस्थापन | २५०.०० | २५०.०० | ० | | ० |
| 3 | ३११२२ | कोतो आमासमूहलाइ विविध सामाग्री खरीद | २५०.०० | २५० | | | |
| 4 | ३११५१ | कोतो हेली प्याड जाने बाटो स्तरोन्नती | २५००.०० | २५०० | ० | | ० |
| ५ | | विश्व शान्ती आ वि मा ढल रंगरोगन तथा अन्य संरचना | १०००.०० | ० | ० | | १००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मर्मत | | | | | |
| | | **जम्मा =** | ५५००.०० | ४५००.०० | ०.०० | ०.०० | १०००.०० |

वडा नं. ४ रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको गतको अल्या -4- |
|---|---|---|---|---|---|---|---|
| 1 | ३११५९ | नयाँ बजार छोर्तेन स्थानान्तरण | ५००.०० | ०.० | | | 500 |
| 2 | ३११५१ | सिङार खोलादेखी माडा गुम्बा जाने बाटो मर्मत | २००.०० | २००.० | | | |
| 3 | ३११५८ | वडा न ४ अन्तर्गत ढल व्यवस्थापन | १००.०० | १००.० | | | |
| 4 | ३१११२ | लछ्योसी थाङ्गा ढलान | १००.०० | १००.० | | | |
| 5 | ३११५३ | चामे बजार क्षेत्रको पोलहरुमा झिलिमिली लाइट जडान | २५०.०० | २५०.० | | | |
| 6 | ३११५६ | शान्तिटोलदेखी माडा गुम्बासम्मको खानेपानी मर्मत | १५०.०० | १५०.० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 7 | २२५२२ | श्री लोकप्रिय मा वि बाल क्लवको लागी खेलकुद सामाग्री | २००.०० | २००.० | | | |
| 8 | २२५२२ | चामे युवा समूह खेलकुद कार्यक्रम | २००.०० | २००.० | | | |
| 9 | ३११२२ | विधालय बस मर्मत | १५०.०० | १५०.० | | | |
| 10 | ३११५३ | गुरु पद्म सम्भव फाउन्डेसन पार्कमा लाइट जडान | १५०.०० | १५०.० | | | |
| 11 | ३११५१ | कजिनसारा ताल जाने बाटो भिरमा मोटर बाटो निर्माण | १२३३८.०० | २०००.० | ०.०० | | १०३३८.०० |
| १२ | ३११५१ | माडा गुम्वाको छाना मर्मत | ५००.०० | | ०.०० | | ५००.०० |
| | | **जम्मा =** | १४८३८.०० | ३५००.०० | ०.०० | ०.०० | ११३३८.०० |

वडा नं. ५ रकम रू. हजारमा

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको र गतको अल्या -4- |
|---|---|---|---|---|---|---|---|
| 1 | ३११५३ | पारी चामे बजार क्षेत्रको पोलहरुमा झिलिमिली लाइट | १००.०० | १००.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जडान | | | | | |
| 2 | २२५२२ | धर्म सस्कृति प्रवृतिको लागी लच्याङ धच्याङ पर्व | १०००.०० | ०.०० | | | १०००.०० |
| 3 | ३११५८ | पारि चामे ढल मर्मत | १००.०० | ०.०० | | | १००.०० |
| 4 | ३११३२ | कृषि पशु र होटल व्यवसायीलाई सामाग्री वितरण | ५००.०० | ०.०० | | | ५००.०० |
| 5 | २२५२९ | गुम्वालाई आवश्यक सामाग्री खरिद | १००.०० | १००.०० | | | |
| 6 | २११५१ | चामे माथि जाने बाटो मर्मत | १००.०० | १००.०० | | | |
| 7 | ३११५८ | वडा नं. ५ ढल निर्माण | २०००.०० | २०००.०० | | | |
| 8 | ३११५८ | तातोपानी कुण्ड माथी जाली ट्रस निर्माण | १७५०.०० | १२००.०० | | | ५५०.०० |
| | | **जम्मा =** | ५६५०.०० | ३५००.०० | ०.०० | ०.०० | २१५०.०० |
| | | **विनियोजन** | १५२४७३.६९१ | ७४३००.०० | ५४०३.०० | ०.०० | ७२७७०.६९ |
| | | **प्राप्त बजेट सिलिङ** | १५२४७३.६९१ | ७४३००.०० | ५४०३.०० | | ७२७७०.६९ |
| | | **बाँडफाँड हुन बाँकी** | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

(घ) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम - शसर्त अनुदानको आयोजनाहरु-26332

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार शसर्त अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| 1 | २६३३२ | शसर्त अनुदान चालु तर्फका कार्यक्रमहरु | ५०९००.०० | ५०९००.०० | | | |
| 2 | २६३३६ | शसर्त अनुदान पूँजीगत तर्फका कार्यक्रमहरु | ०.०० | ०.०० | | | |
| | | **जम्मा =** | ५०९००.०० | ५०९००.०० | | | |

(ङ) केन्द्र सरकारबाट हस्तान्तरित कार्यक्रम - विशेष अनुदान (26337)

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार विशेषा अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| 1 | ३१११२ | चामे सिटिहल बसपार्क संरक्षण | १३०००.०० | १३०००.०० | | | |
| 2 | ३११५४ | थान्चोक वस्ती संरक्षण (पहिरो नियन्त्रण) | १३५००.०० | १३५०० | | | |
| | | **जम्मा =** | २६५००.०० | २६५००.०० | | | |

(ङ) केन्द्र सरकारबाट हस्तान्तरित कार्यक्रम - समपुरक अनुदान (26334)

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार समुरक अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| 1 | ३१११२ | काजिनसारा जाने पदमार्ग निर्माण | ३०००.०० | ३०००.०० | | | |

(छ) प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम - विशेष अनुदान

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | प्रदेश सरकार विशेष अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| 1 | ३११५९ | लोकप्रिय मा.वि. खेल मैदान निर्माण | ४०००.०० | ४०००.०० | | | |

(ज) प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम-समपुरक अनुदान

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार समपुरक अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| 1 | ३११५२ | काजिनसारा जाने मोटरबाटो स्तरोन्नती | ६०००.०० | ६०००.०० | | | |

अन्त्यमा,

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने गाउँपालिका अध्यक्ष्य ज्यू कार्यपालीका सदस्यज्यू  गाउँसभा सदस्यज्यु बिषयगत समितिहरू बिज्ञ महानुभाब सबै चामे गाउँबासी एवं अहोरात्र खटिने गाउँपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै आय र व्याय समेटिएको रातो किताबमा कार्यक्रम र बजेट प्रस्तुत गरीएको छ।

धन्यवाद।